नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२१ दायर मितिः-२०८१/०४/१०**

**फैसला मितिः-२०८१/०४/२८**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **सन्तोष गिरीको जाहेरीले** | **जिल्ला पर्सा पोखरिया न.पा. वडा नं.१ बन्कटवा टोल बस्ने रामबाबु प्रसाद चौहानको** |
| **नेपाल सरकार.........................१** | **छोरा अं. बर्ष १९ को विशाल प्रसाद चौहान** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालाकी छोरीलाई औंलामा टोकी धकेली अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालाकी छोरीलाई औंलामा टोकी धकेली अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालाकी छोरीलाई औंलामा टोकी धकेली अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालाकी छोरीलाई औंलामा टोकी धकेली अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका हरिकिशोर प्रसाद चौहान समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेता पनि मिति २०८१।०४।०३ गते राती अं.१२:१५ बजेको समयमा हामी घर परिवारका सदस्यहरु सुतीरहेको अवस्थामा बिपक्षी बिशाल चौहानले घरको पर्खाल नाघी टिनाको ढोकाको चुकुल पछाडीबाट खोली घरभित्र प्रवेश गरी अन्य कोठाहरुको चुकुल लगाउने क्रममा मेरो कान्छी छोरी करिश्मा कुमारीले देखि ब्युझी हेर्दा निज बिपक्षी गाँउ घरकै व्यक्ति रहेकोले मेरो छोरीले चिनेकोमा निज बिपक्षी पलङको मुनी लुकीछिपी बसेकोमा छोरीले हल्ला खल्ला गरी निज बिपक्षीलाई समात्न खोज्दा बिपक्षीले मेरो छोरीको दाहिने हातको तेस्रो औंलामा टोकी धकेली घरबाट भागि गएको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी विशाल प्रसाद चौहानलाई कैद दिन ४, जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र र क्षतिपूर्ती रु.४००/- अक्षरेपी चार सय मात्र ठहर्छ। साथै मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ को हकमा विल भरपाई पेश नभएकोले केही गरी रहनु परेन । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी विशाल प्रसाद चौहानलाई ठहरेको कैद दिन ४ को हकमा निज मिति २०८१/०४/०६ देखि २०८१/०४/०९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.१५/२०८१/०४/१० दाखिला गरेको धरौटी रकम रु.१०४००/- बाट जरिवाना रकम रु.१००००/-र क्षतिपूर्ती रु.४००/- कट्टी गर्नु ----------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४४ गुंलाथ्व ससमी, शुभम् ........